नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## देशव्यापी शाखा सञ्जाल र लामो बैंकिङ अनुभवको उपयोगमा जोड

(गभर्नर खतिवडाद्वारा राष्ट्रिय वाणिज्य बैंकको वार्षिकोत्सवलाई सम्बोधन)

गभर्नर डा. युवराज खतिवडाले राष्ट्रिय वाणिज्य बैंक लि. को ४८ औं वार्षिकोत्सवको उपलक्ष्यमा काठमाडौंमा आयोजित कार्यक्रमलाई माघ १० गते विशिष्ट अतिथिको रूपमा सम्बोधन गर्नुभयो ।




मन्तव्यको क्रमका शुभकामना व्यक्त गर्दै गभर्नर खतिवडाले राष्ट्रिय वाणिज्य बैंकको स्थापनाका लागि सो समयमा केन्द्रीय बैंकका पदाधिकारीको अग्रसरता र योगदान स्मरण गर्नुहुँदै सो बैंक वित्तीय क्षेत्रको अग्रणी, नेतृत्वदायी र मार्गदर्शक बैंकका रूपमा आफूले हेर्न चाहेको बताउनु भयो । बैंकका केही वित्तीय परिसूचकहरू सकारात्मक बन्दै गए पनि कर्जा निक्षेप अनुपात न्यूनतम स्तरमा रहेकाले बैंकको मुनाफामा असर पर्न सक्ने तर्फ सङ्केत गर्दै उहाँले यसतर्फ आगामी दिनमा कर्जा प्रवाहमा सुधारको आवश्यकता औंल्याउनुभयो । बैंकको गैर कोषमा आधारित आय न्यून रहेकोतर्फ सङ्केत गर्दै उहाँले कर्मचारी उत्पादकत्व अभिवृद्धि गर्दै थप लागत नबढ्ने गरी आय बढाउने तर्फ लाग्न सुझाव दिनुभयो ।

सरकारले आफ्नो सीमित स्रोतबाट केही प्रतिफलको अपेक्षा सहित सेवा प्रवाह गर्ने उद्देश्यले बैंकको पुँजी वृद्धिमा लगानी गरेको स्मरण गराउँदै उहाँले मुलुकका आर्थिक-सामाजिक विकासका काममा लगाउनुपर्ने साधन बैंकमा लगाउँदा यसबाट सरकारले यस संस्थाको सुदृढीकरण र प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिसँगै आर्थिक विकासमा ठोस योगदान पुग्ने अपेक्षा गरेको यथार्थलाई सबै पक्षबाट मनन गर्नुपर्ने उहाँको आसय रहेको थियो । आगामी दिनमा बैंकले पुँजी पर्याप्तता हासिल गर्ने, प्रतिष्पर्धात्मकता अभिवृद्धि गर्ने तथा फराकिलो शाखा सञ्जाल र लामो ग्रामीण वित्तीय सेवाको अनुभवलाई उपयोग गरी वित्तीय पहुँच अभिवृद्धिमा उल्लेखनीय

योगदान गर्ने अपेक्षा रहेको बताउनुभयो । उहाँले मुलुकको वित्तीय सेवा विस्तारको सम्भावनालाई उपयोग गरी आफ्नो लामो अनुभवलाई अवसरको रूपमा उपयोग गर्दै वित्तीय पहुँच अभिवृद्धिका दिशामा यो बैंक सफल हुन सकोस् भन्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको थियो । साथै, उहाँले सरकार र नेपाल राष्ट्र बैंकको निरन्तर सहयोगसँगै संस्थाका सञ्चालक, व्यवस्थापन, कर्मचारी सङ्गठनहरू र सम्पूर्ण कर्मचारीले जिम्मेवारीबोध सहित सो सहयोगलाई उपलब्धिमा उतार्न अनुरोध गर्नुभयो ।

नेपालको वाणिज्य बैंकिङ बजारमा जनतालाई बैंकिङ साक्षरता र सेवा प्रदान गर्दै आएको पूर्ण सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकको स्थापना वि.सं. २०२२ साल माघ १० गते भएको हो ।

२०६९ माघ १० गते बुधबार | गभर्नरको कार्यालय